apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका
जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र



समाचार पृष्ठ ३

● वर्षः १२ ● अंकः ११५ ● पृष्ठः ४ ● ३० वैशाख २०८३ बुधबार (13 May 2026. Wednesday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

## विद्यार्थी सुरक्षामाथि हेलचक्राई वढ्दै
### संस्थागत विद्यालयहरुले निर्देशिका विपरीत सवारी सञ्चालन गर्दै

**शुभ नारायण कामती**
**सिरहा, वैशाख २९ गते**

सिरहामा केही संस्थागत विद्यालयले विद्यालय सवारी सञ्चालन सम्बन्धी सरकारी निर्देशिकालाई बेवास्ता गर्दै विद्यार्थीको सुरक्षामा हेलचक्राई गर्दै आईरहेको छ।

स्कुल बसको नाममा सामान ढुवानीका लागि प्रयोग हुने पिकअप भ्यानमा विद्यार्थी ओसारपसार गरिएको छ। यस प्रकारको लापरबाहीले गर्दा अभिभावक, स्थानीयवासी तथा सरोकारवालाले निकायको भूमिकामाथि प्रश्न उठाएको छ। सदरमुकाम सिरहासहित जिल्लाका विभिन्न स्थानीय तहमा सञ्चालित केही निजी विद्यालयले 'स्कुल बस सेवा' का नाममा मापदण्ड विपरीत सवारी प्रयोग गरिरहेको छ। विशेषगरी पिकअप भ्यान, पुराना तथा मापदण्ड नपुगेका सवारीमा बालबालिकालाई क्षमता भन्दा वढी कोचाकोच गरी राखेर विद्यालय ल्याउने-लग्ने गरिएको पाइएको हो।



विद्यालयले नियमित रूपमा बसको शुल्क अभिभावकवाट असुल्ने गरेपनि विद्यार्थीलाई सुरक्षित तथा मापदण्ड अनुसारको सवारी उपलब्ध गराइएको छैन। "विद्यालयले स्कुल बसको नाममा शुल्क लिन्छ, तर बच्चालाई सामान बोक्ने गाडीमा हालेर पठाइन्छ," एक अभिभावकले गुनासो गरे, "यदि दुर्घटना भयो भने यसको जिम्मेवारी कसले लिने ?"

सिरहा सदरमुकाम क्षेत्रमा सञ्चालित करिब आधा दर्जन संस्थागत विद्यालयले सामान ढुवानीमा प्रयोग हुने पिकअप भ्यानमार्फत विद्यार्थी ओसारपसार गरिरहेका छन्। यस्तै, विष्णुपुर गाउँपालिका लगायत अन्य क्षेत्रमा पनि निर्देशिका विपरीत विद्यालय सवारी सञ्चालन भइरहेको छ। विद्यालय सवारी सञ्चालनसम्बन्धी निर्देशिका अनुसार विद्यार्थी बोक्ने सवारीसाधनमा अनिवार्य रूपमा सुरक्षा मापदण्ड पूरा भएको हुनुपर्छ। सवारीमा प्राथमिक उपचार (फस्ट एड) सामग्री, आपतकालीन ढोका, निर्धारित सिट क्षमता, प्रशिक्षित चालक तथा नियमित प्राविधिक परीक्षण अनिवार्य मानिन्छ। यो सवै मापदण्ड विपरीत नै जिल्लाका अधिकांश विद्यालय सवारी संचलनमा रहेको छ।

कतिपय विद्यालयले पुराना तथा जीर्ण बस सञ्चालन गरिरहेका छ भने कतिपयले तोकिएको क्षमताभन्दा बढी विद्यार्थी कोचेर जोखिमपूर्ण ढंगले ओसारपसार गरिरहेका छन्। केही विद्यालयहरुले सामान ढुवानीका लागि दर्ता भएका पिकअप गाडीमै बालबालिका राखेर दैनिक आवतजावत

बाँकी पृष्ठ ३

## अतिक्रमण हटाउने नाममा बाँधेर दुर्व्यवहार, वडाध्यक्षसहित ६ जनाविरुद्ध प्रहरीमा जाहेरी दर्ता



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २९ गते**

निजी जग्गामा पूर्व सहमति नलिई जबर्जस्ती सडक निर्माण गरिएको घटनाको विरोध गर्दा बाँधेर दुर्व्यवहार गरिएको घटनामा संलग्न वडाध्यक्षसहित ६ जना विरुद्ध प्रहरीमा अभद्र व्यवहार सम्बन्धी जाहेरी दर्ता भएको छ।

जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार पीडित पक्षले दिएको जाहेरी कानुन बमोजिम दर्ता गरी आवश्यक प्रकृया अगाडि बढाइएको छ। औरही गाउँपालिका ३ का वडाध्यक्ष जीवछ यादवसहित उनका छोरा मुकेश यादव, भाई रामबाबु यादव, सडक निर्माण उपभोक्त समितिका अध्यक्ष हेमा यादव, उनका बाबु विसुन यादव र भाई विजय यादव गरी छ जना विरुद्ध पीडित पक्षले दिएको जाहेरी मंगलबार दर्ता गरिएको सिरहा प्रहरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक रमेशबशहादुर पालले जानकारी दिए।

पीडित पक्षले जनप्रतिनिधि, नातेदार, उपभोक्ता समितिका पदाधिकारी, सहयोगी लगायतका व्यक्ति पक्राउ दिएको जाहेरी दर्ता गरिएपछि पक्राउ

बाँकी पृष्ठ ४

## प्रहरी र अदालत मिलाइदिने भन्दै ६ लाख ठगेको आरोपमा एक जना पक्राउ




**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २९ गते**

प्रहरी र अदालत मिलाइदिने भन्दै ६ लाख रुपैयाँ ठगी गरेको घटनामा प्रहरीले गोलबजारका एक जनालाई पक्राउ गरेको छ।

सिरहा प्रहरीले गोलबजारका राकेश साहलाई ठगी तथा आपराधिक विश्वासघात गरेको कसुरमा पक्राउ गरेको हो।

गोलबजारका अजय साहले आफूसँग राकेशले बैंकिङ कसुरलगायतका मुद्दा मिलाइदिने भनेर ६ लाख रुपैयाँ लिएको, तर काम नगराई ठगी गरेको भन्दै प्रहरीमा जाहेरी दर्ता गराएका थिए। त्यही जाहेरीका आधारमा उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

सिरहा जिल्ला अदालतका अनुसार, राकेशमाथि थप अनुसन्धान गर्न प्रहरीलाई मंगलबार पहिलोपटक पाँच दिनको म्याद दिइएको छ।

## मधेशमा कुपोषण हटाउन भान्साघरको व्यवस्थापन र बानीव्यहारमा परिवर्तन आवश्यकः मुख्यमन्त्री यादव

**अपन दैनिक संवाददाता**
**महोत्तरी, वैशाख २९ गते**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले मधेशमा व्याप्त कुपोषणको समस्या समाधानका लागि नागरिकको बानीव्यवहारमा परिवर्तन ल्याउनु आवश्यक रहेको बताएका छन्।

मधेश प्रदेशको स्वास्थ्य सेवा निर्देशनालय सपही धनुषाले लालगढमा मंगलबारदेखि सुरु गरेको तीनदिने 'मधेश प्रदेशस्तरीय पोषण नीति संवाद तथा शिखर सम्मेलन-२०८३' उद्घाटन गर्दै उनले यस्तो धारणा राखेका हुन्।

मुख्यमन्त्री यादवले मधेशका प्रत्येक घरको भान्साघर व्यवस्थित गर्न सके कुपोषणको अवस्थामा ठूलो सुधार आउने उल्लेख गरे। खाद्य सामग्री उत्पादनका दृष्टिले मधेश







अन्य प्रदेशको तुलनामा धैरै अगाडि भए पनि उत्पादित सामग्रीको सही ढङ्गले उपयोग हुन नसक्दा यहाँ कुपोषण एउटा गम्भीर समस्याका रूपमा देखिएको उनको भनाइ छ। स्थानीय स्तरमा उपलब्ध पोषणयुक्त खानाको सही पहिचान र प्रयोगमा जोड दिनुपर्ने उनले बताए।

कार्यक्रममा मधेश प्रदेश सरकारका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री जङ्गीलाल रायले तीनदिने शिखर सम्मेलनले मधेशमा कुपोषणका कारण देखिने पुड्कोपन, ख्याउटेपन र रक्तअल्पता

बाँकी पृष्ठ २

## आत्महत्या दुरुत्साहन आरोपमा टिकटकर न्यू स्टार पक्राउ



**सिरहा, वैशाख २९ गते।** टिकटकर अमित यादव (न्यू स्टार) आत्महत्या

बाँकी पृष्ठ ४




## हाँसौः स्वस्थ रहौं ।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ ।
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं ।
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौं ।
- परिवार र साथीहरूसँग हाँसौं र रमाइलो समय बिताऔं ।
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं ।
- हाँस्ने योगमा सहभागी बनौं ।
- अरूलाई खुशी बनाउने व्यवहार गरौं ।
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं ।
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं ।

**हाँसौं र हँसाऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### सार्प सुटर प्रयोगलाई लगाम लगाउ

सिरहामा दुई फरक गोलीकाण्डमा भारतीय 'सार्प सुटर' प्रयोग भएको छ। दुई वटा घटना पछिल्लो तीन महिनाभित्रको हो। जहाँ सार्प सुटरको प्रयोग गरी घटना घटाउने काम भएको छ। सामान्य पारिवारिक तथा व्यक्तिगत रिसइबीका कारण हत्या र हत्या प्रयासजस्ता जघन्य अपराधमा सीमापार भारतबाट सुटर भाडामा ल्याइने प्रवृत्ति देखिएको छ। नेपाल-भारत सीमावर्ती क्षेत्रमा आपराधिक सञ्जालको विस्तारको पनि संकेत गरेको छ। यस्ता घटनाले सिरहाको सुरक्षा अवस्था मात्र नभएर मधेश प्रदेशको शान्ति-सुरक्षामाथि गम्भीर प्रश्न उठाएको छ। खुला सीमाको सामाजिक, सांस्कृतिक तथा आर्थिक लाभ नेपाल र भारतबीच लामो समयदेखि रहँदै आएको छ। त्यसवीचमा खुला सीमाको दुरुपयोग गर्दै अपराधी समूहले हत्या, तस्करी, लागूऔषध कारोबार र हतियार ओसारपसारलाई सहज बनाइरहेका छन्।

सिरहा जिल्लाका पछिल्लो दुई वटा घटनाले सामान्य आपराधिक गतिविधिको सीमामा नरही संगठित अपराधतर्फ उन्मुख भइरहेको संकेत दिएका छन्। सामान्य विवाद समाधानका लागि कानुनी बाटो रोज्नुपर्ने समाजमा 'सुपारी' दिएर हत्या गराउने मानसिकता बढ्नु अत्यन्त खतरनाक सामाजिक विकृति हो। प्रहरी अनुसन्धानले भारतीय सुटरको संलग्नता पुष्टि गर्नु सक्नु अनुसंधानमा सक्रियता वढेको पनि बुझ्न सकिन्छ। यसले अनुसन्धान क्षमता र अपराध नियन्त्रणमा प्रहरी सक्रियतालाई अघि वढाएपनि घटना रोक्नु मुख्य कुरा हुनुपर्ने हो। अपराध हुनुअघि नै त्यसलाई रोक्न सक्ने सुरक्षा संयन्त्र निर्माण गर्नु अहिलेको आवश्यकता हो। विशेषगरी सीमावर्ती क्षेत्रमा निगरानी कमजोर हुँदा अपराधी समूहले सहज रूपमा आवतजावत गर्ने अवस्था देखिएको छ।

सिरहा जिल्लाको दक्षिणी सीमा क्षेत्रमा नियमित गस्ती, शंकास्पद गतिविधिमाथि सूक्ष्म निगरानी तथा नेपाल-भारत सुरक्षा निकायबीच प्रभावकारी समन्वय अपरिहार्य बनेको छ। यससँगै समाजमा बढ्दो हिंसात्मक सोच नियन्त्रण गर्न पनि राज्यले ध्यान दिनुपर्छ। सामान्य विवादलाई संवाद, कानुनी प्रक्रिया र सामाजिक मध्यस्थता मार्फत समाधान गर्ने संस्कृतिको विकास हुन जरुरी छ। राजनीतिक संरक्षण, आर्थिक प्रभाव वा पहुँचका आधारमा अपराधीलाई उन्मुक्ति दिने प्रवृत्ति रोकिएन भने यस्ता घटना अझ फैलिने खतरा रहन्छ। अहिले आवश्यक घटनाको अनुसन्धान होइन, अपराधको जरा पहिचान गरी त्यसलाई निर्मूल पार्ने रणनीति हो। सीमावर्ती क्षेत्रमा आधुनिक प्रविधिसहित सुरक्षा निगरानी बढाउनु, अवैध हतियार नियन्त्रण गर्नु, आपराधिक सञ्जालमाथि कठोर कारबाही गर्नु तथा स्थानीय तहसम्म सामुदायिक सुरक्षा संयन्त्र सक्रिय बनाउनु आजको प्रमुख आवश्यकता हो। मधेशमा वढ्दै गएको 'सार्प सुटर' संस्कृतिले समाजलाई भय, असुरक्षा र अराजकतामा धकेल्नेछ। त्यही भएर यसमा स्थानीय स्तरको सरकारको भूमिका पनि अपरिहार्य छ। जसले शान्ति सुरक्षा कायम राख्न र विवाद गाउँमै सल्टाउन सक्ने वातावरण निर्माण गर्छ। र समाज विवादरहित बन्न सक्छ।

### मधेशमा कुपोषण हटाउन ..............

जस्ता समस्या निदानका लागि ठोस निष्कर्ष दिने विश्वास व्यक्त गरे। मन्त्री रायले पोषणसम्बन्धी कार्यक्रमहरूको अनुगमन पाटोलाई प्रभावकारी बनाउन सम्मेलनमार्फत ठोस कार्यतालिका निर्माण गर्नुपर्ने सुझाव समेत दिएका छन्।

मधेश प्रदेश सरकारका स्वास्थ्य सचिव डा. प्रमोदकुमार यादवका अनुसार सम्मेलनमा पोषण नीतिबारे विज्ञहरूबीच गहन संवाद गरी रणनीतिक निष्कर्ष निकालिने छ। सम्मेलनमा प्रदेशका सबै पोषणसम्बद्ध सरकारी कार्यालयका प्रमुख, प्रादेशिक अस्पतालका प्रमुख, पोषणविद् र आठै जिल्लाका स्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण अधिकृतहरूको सहभागिता रहेको छ।

विज्ञहरूको सुझावका आधारमा प्रदेशको आगामी पोषण रणनीति तय गरिने मन्त्रालयले जनाएको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

# क्रान्तिको कविता सकियो, शासनको गद्य सुरु हुँदै छ

**के यो गद्य सफल हुन्छ ? यो प्रश्न अनुत्तरित हुनु हुन्न। जसरी विगतमा प्रश्नहरू अनुत्तरित हुँदा आवधिक जसो क्रान्ति र आन्दोलनहरू हुँदै आए। यहाँपनि प्रश्न अनुत्तरित भए पुन हुने त्यहि हो।**



✍ भवानी बराल



> नयाँ सरकारलाई जनताले 'पुरानो कुशासन' विरुद्ध मत दिएका हुन्, पछाडि फर्किने, जनादेशलाई अन्यत्र मोड्ने वा परम्परागत शक्तिलाई फेरि स्थान दिनलाई कदापि होइन।

जब ठूल्ठूला सपनाहरू सडकमा रगतले लतपतिएर ढल्छन्, तब राजनीतिको भाषा बदलिन्छ। क्रान्तिका समयमा कविता वा पद्य जस्तै छन्द, अनुप्रास मिलेका नाराहरू लाग्छन्। ती नाराकै सांगीतिक धुनमा क्रान्ति सम्पन्न हुन्छ। तर क्रान्तिपछि पद्यको युग समाप्त भएर गद्यको गन्तव्य सुरु हुन्छ।

'कविता सकियो, गद्य सुरु भयो।' यो वाक्यांश चेकोस्लोभाकियाका पूर्व राष्ट्रपति व्हास्लाभ हाभेलले १९८९ को वेल्भेट क्रान्तिपछि जानैरै भनेका थिए। लामो कम्युनिस्ट शासनको अन्त्यपछि उनी राष्ट्रपतिमा निर्वाचित भए। तर त्यसपछिको यात्रा सहज थिएन। देश शान्तिपूर्ण रुपमा विभाजित भयो। चेकोस्लोभाकिया सिङ्गो देश चेक गणतन्त्र र स्लोभाकिया नाममा अलग भए। यो विभाजनलाई 'वेल्भेट डिभोर्स' भनिन्छ। अर्थात् कविता (पद्य) बाट गद्यमा नपुग्दै दूर्घटना सुरु भयो।

भारतको पश्चिम बंगालमा पनि यस्तै एउटा घुम्ती आयो। सन् २०११ मा तृणमूल कांग्रेसले ३४ वर्ष लामो मार्क्सवादी कम्युनिस्ट शासनलाई चुनावी माध्यमबाट पराजित गर्‍यो। ममता बनर्जी मुख्यमन्त्री बनिन्। यही ऐतिहासिक परिघटनामाथि पत्रकार एम.जे. अकबरले अखबारमा टिप्पणी लेखे, 'ममताको चुनौती सकियो, समस्या सुरु भयो।' सिंगुर र नन्दीग्रामको आन्दोलनबाट सत्ता कब्जा गर्न त ममतालाई सहज भयो। तर त्यसपछि पश्चिम बंगालमा शासनतन्त्र समस्याग्रस्त भयो। नन्दीग्राम र सिंगुर यी दुई घटनाबाट औद्योगिक लगानी पलायन हुन थाल्यो। बंगालमा धेरै प्रकारको हिंसा बढ्यो। दलीयकरण, वेरोजगारी, चन्दा आतंक, भ्रष्टाचारले आकाश छोयो। ठूला घोटाला सारदा चिटफन्ड र नारदा स्टिङले सरकारको लोकप्रियतामाथि प्रश्नै-प्रश्न उभ्यायो।

चेकोस्लोभाकियाका पूर्वराष्ट्रपति हावेलले भनेझैं ममताको कविता (पद्य) सकिएर गद्य सुरु भैसकेको थियो। यसर्थ अकबरले भने ममताको चुनौती सकियो समस्या सुरु भयो। यतिखेर अकबरले भनेको वास्तविक समस्याले ममता बनर्जीलाइ बंगालबाट पराजित पनि बनाइसकेको छ। यहाँ दुवै वाक्यको अन्तर्य संजोगले अर्थपूर्ण एकमत र श्वासत हुन पुगेका छन्।

**नेपालको नयाँ घुम्ती: जेन जी विद्रोह**

नेपालमा पनि यस्तै एउटा ऐतिहासिक घुम्ती २०८२ को भदौमा आयो। जेन जी विद्रोहले पुरानो गठबन्धन सरकार (एमाले-कांग्रेस) लाई छोटो समयमै हटायो। सामाजिक सञ्जाल प्रतिबन्ध र भ्रष्टाचारविरुद्ध सुरु भएको युवा आन्दोलन हिंसात्मक बन्दै गयो।

भदौ २३ र २४ गतेका घटनामा दर्जनौं युवाको ज्यान गयो। संसद् भवन, सिंहदरबारसहित देशभर सयौं सरकारी भवन ध्वस्त भयो। अनेकन व्यापारिक प्रतिष्ठान, व्यक्तिगत सम्पत्तिमा आगजनी भयो। त्यसपछि अन्तरिम सरकार गठन भयो। सरकारले फागुन २१ गते निर्वाचन गरायो। पुराना ठूला दलहरू (नेपाली कांग्रेस र नेकपा एमाले) लाई मतदाताले किनारामा पारिदिए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले अभूतपूर्व बहुमत पायो। काठमाडौं महानगरपालिका पूर्वप्रमुख तथा र्‍यापर बालेन शाह (बालेन्द्र शाह) प्रधानमन्त्री चुनिए। यो परिवर्तनलाई धेरैले 'पुरानो राजनीतिको अन्त्य र नयाँ युगको सुरुवात' भने। तर आलोचनात्मक र सटिक टिप्पणी कसैबाट आउन सकेन। जसरी चेकोस्लोभाकियाको घटनामा हावेलले र बंगाल घटनामा अकबरले गरे। अब प्रश्न फेरि उही आउँछ, कविता (पद्य) सकियो, गद्य सुरु भयो ? तर यो गद्यले के लेख्ला ? चुनौतीको अन्त्य कि समस्याको थुप्रो ?

**सयबुँदे कार्यसूचीः महत्त्वाकांक्षा र वास्तविकता**

नयाँ सरकारले गठन भएको छोटो समयमै पहिलो मन्त्रिपरिषद् बैठकबाट सयबुँदे शासकीय सुधार कार्यसूची स्वीकृत गर्‍यो। यसलाई 'नतिजामा आधारित शासन (डेलिभरी गभर्नेन्स)' को रूपमा प्रस्तुत गरिएको छ। प्रस्तावनामा नागरिक जीवनमा प्रत्यक्ष सुधार ल्याउने लक्ष्य राखिएको छ।

तर सयबुँदेको 'संविधान संशोधनको बहसपत्र' तयारीको मुद्दा राष्ट्रिय राजनीतिको संवेदनशील विषय हो। यो पछिल्लो संवैधानिक विकासको राजनैतिक समझदारी हो। यो समझदारी अपूर्ण् भएपनि बहसपत्रले पछाडि लैजाने छुट पाउँदैन। कोसिस मात्र गरे पनि जनमत भताभुङ्ग हुँदै अन्यत्र मोडिन्छ। पहिचान, स्वशासनसहीतको संघीय गणतन्त्रको अगाडि जाने बाटो प्रशस्त हुन्छ। तर कुनै पनि मानेमा पश्चगामी वा परम्परागत तन्त्र विशेषलाई 'ठाउँ' दिने कुरा कोरा कल्पना मात्र हुनेछ। संविधान संशोधनको कुरा उठ्दा नै राष्ट्रिय राजनीतिमा द्वन्द्व निम्तिन सक्छ। संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिता जस्ता मूल स्तम्भलाई कमजोर पार्ने कुनै पनि प्रयास जनमतविपरीत हुनेछ। यो बहस प्रगतिशील दिशामा मात्र जान सक्छ, पछाडि फर्किने होइन।

प्रशासनिक सुधार, सार्वजनिक सेवा प्रवाह, डिजिटल शासन, सुशासन र भ्रष्टाचार नियन्त्रण, लगानी, उद्योग, कृषि, पूर्वाधार विकास मुख्य बुँदाहरूमा तपशीलका विषय छन्। यी धेरैजसो विषय बजेट र वार्षिक योजनामार्फत पनि अघि बढाउन सकिन्छ। यसैबीच राष्ट्रिय प्रतिबद्धता पनि हालै सार्वजनिक गरिएको छ। मुख्य राजनीतिक दलहरूले ल्याएको निर्वाचन घोषणापत्रको आधारमा ल्याइएको शासकीय सुधारको प्रतिबद्धता सरकारले दावी गरेको छ। सम्पत्ति शुद्धीकरण आयोगको गठन आदि इत्यादि पनि बाहिर आएका छन्।

चैत्र १३ गते सरकारले स्वीकृत गरेको सयबुँदे कार्यसूची र लगत्तै प्रकाशित 'राष्ट्रिय प्रतिबद्धता' गुन्दा गद्यमा प्रवेश गरेको छनक लाग्छ। शासकीय सुधारसम्बन्धी कार्यसूचीको रौं चिरा बहस चारपाइमा भएकै छैन। केवल सोझो हिसाबमा छुमन्तर होला भन्ने लाग्छ। तर सयबुँदे कार्यसूचीको कार्यान्वयन व्यवहारमै कसरी रूपान्तरण हुन्छ ? मधुमास (सरकार सञ्चालनको हनिमुन पिरियड) पुग्दा थाहा हुन्छ। यहिँनेर बालेन सरकारको गद्यमार्गको भविष्य निर्धारण हुनेछ।

**सहकारी प्रकरण अग्निपरीक्षाः**

सयबुँदे सूचीको एउटा महत्त्वपूर्ण बुँदामा सहकारी पीडितहरूको बचत फिर्ता प्रक्रिया सय दिनभित्र सुरु गर्ने उल्लेख छ। यो विषय रास्वपा अध्यक्ष रवि लामिछानेसँग जोडिएको सहकारी घोटालासँग प्रत्यक्ष सम्बन्धित छ। हजारौं साना बचतकर्ता प्रभावित छन्। सरकारले यो मुद्दालाई कसरी निष्पक्ष र छिटो टुंग्याउँछ, त्यसले नै नयाँ शासनको विश्वसनीयता जाँच्ने छ।

**बाँकी चुनौतीहरू, भदौ २३-२४ को न्याय र संस्थागत सुधार**

भदौ २३ र २४ गतेका घटनाको पूर्ण न्यायिक अनुसन्धान, दोषीमाथि कारबाही र पुनरावृत्ति रोक्ने संस्थागत सुधार अझै कार्यसूचीमा स्पष्ट देखिँदैन। गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गरी सत्यतथ्य अनुसार कारबाही गर्नु सरकारको दायित्व हो। सरकारले यो दायित्व पूरा गर्न जति ढिला गर्छ उसको विश्वसनियता त्यति नै कमजोर बन्दै जानेछ।

**रहलपहल**

के यो गद्य सफल हुन्छ ? यो प्रश्न अनुत्तरित हुनु हुन्न। जसरी विगतमा प्रश्नहरू अनुत्तरित हुँदा आवधिक जसो क्रान्ति र आन्दोलनहरू हुँदै आए। यहाँपनि प्रश्न अनुत्तरित भए पुन हुने त्यहि हो। यसर्थ पनि पद्य पछाडि गद्यमा प्रवेश गर्ने विकल्पमात्र बाँकी रहन्छ। गद्यमा प्रवेश नगरे असमयमै सकिने छ। तर राजनीतिमा मुद्दा अन्यत्र मोड्ने खेलोफड्को पनि हुने गर्छ। अध्यादेश यस्तै राष्ट्रिय राजनीतिको मुद्दा अन्यत्र मोड्ने खेलोफड्को हो। प्रधानन्यायाधीश नियुक्ति सिफारिस प्रकरण यसको पहिलो दृश्य हो।

नेपालको बहुआयामिक द्वन्द्वपछि स्थिरता र सुधारका लागि व्यापक राष्ट्रिय सहमति आवश्यक छ। यो सहमति जनमतमा आधारित हुनुपर्छ। संविधान खारेजी, पूर्ण पुनर्लेखन वा केवल प्रगतिशील संशोधनमध्ये कुन बाटो लिने भन्नेमा स्पष्टता चाहिन्छ। नयाँ सरकारलाई जनताले 'पुरानो कुशासन' विरुद्ध मत दिएका हुन्, पछाडि फर्किने, जनादेशलाई अन्यत्र मोड्ने वा परम्परागत शक्तिलाई फेरि स्थान दिनलाई कदापी होइन। राष्ट्रिय दायित्व निर्वाह गर्ने शब्दावली प्रयोग गरे पनि कार्यान्वयन फलामको च्युरा चपाउनु जत्तिकै कठिन हुन सक्छ।

**अन्ततः**

इतिहासले हेर्नेछ। यो गद्यले नेपाललाई नयाँ, पारदर्शी र नतिजामुखी शासनतर्फ लैजान्छ कि चुनौतीको थुप्रोमा फसाउँछ ? समयले नै जवाफ दिनेछ। तर सुरुवाती संकेतहरूले महत्त्वाकांक्षा र चुनौती दुवै देखाइरहेका छन्। पद्य सकिएर गद्यमा प्रवेश गरिहालेको छैन। गद्यको पदावली सुरु नहुने पद्यको लोरीले मात्र हुने केही होइन।

## आजको राशिफल

**मेष** : स्वास्थ्यमा अचानक समस्या देखिन सक्ने भएकाले खानपानमा विशेष ध्यान दिनुहोला।

**बृष** : आर्थिक रूपमा आजको दिन निकै सफल रहनेछ। कतै फसेको पैसा फिर्ता आउन सक्छ।

**मिथुन** : कार्यक्षेत्रमा तपाईंको प्रभाव बढ्नेछ। नयाँ रोजगारीको अवसर मिल्न सक्छ।

**कर्कट** : आज भाग्यले साथ दिनेछ। रोकिएका धार्मिक कार्यहरू सम्पन्न हुनेछन्।

**सिंह** : आजको दिन केही सतर्क रहनुपर्ने देखिन्छ। स्वास्थ्यमा अचानक समस्या आउन सक्छ।

**कन्या** : व्यापार र व्यवसायमा आज नयाँ सम्झौता हुन सक्छ। साझेदारीमा गरिएका कामहरूबाट राम्रो मुनाफा मिल्नेछ।

**तुला** : आज शत्रुहरू परास्त हुनेछन्। पुराना ऋणहरू चुक्ता गर्ने अवसर मिल्नेछ।

**वृश्चिक** : विद्यार्थीहरूका लागि आजको दिन निकै राम्रो छ। सिर्जनात्मक क्षेत्रमा रुचि बढ्नेछ।

**धनु** : पारिवारिक वातावरण केही अशान्त रहन सक्छ। घरजग्गाको विषयलाई लिएर आफन्तसँग मतभेद हुन सक्छ।

**मकर** : तपाईंको सामाजिक दायरा बढ्नेछ। दाजुभाइको सहयोगले रोकिएका कामहरू सम्पन्न हुनेछन्।

**कुम्भ** : आर्थिक पक्ष सुदृढ रहनेछ। परिवारमा मांगलिक कार्यको चर्चा हुनेछ।

**मीन** : चन्द्रमा आज तपाईंको राशिमा प्रवेश गर्ने हुनाले आत्मविश्वास र ऊर्जा बढ्नेछ।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# जनकपुर साहित्य महोत्सवः साहित्य, संगीत, संस्कृति र सभ्यताको संगम

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, वैशाख २९ गते**

जनकपुरको क्याम्पस चोकस्थित एक तल्ले घरको तीनवटा कोठामा अहिले युवाहरूको एक जमात आफ्नै काममा व्यस्त भेटिन्छ। कोही आमन्त्रण कार्डलाई खाममा राखेर पट्याउनमा लागेका छन् भने कोही खाममाथि आमन्त्रित व्यक्तित्वको नाम लेख्न तल्लिन छन्। एकातर्फ ल्यापटप लिएर बसेका केही युवाहरू सेसनहरूको डिजिटल डिजाइन गरिरहेका छन्।

कोही ब्यानरहरू मिलाउनमै व्यस्त छन्। १८ जना युवाहरूको यस समूहको व्यस्तता 'जनकपुर साहित्य महोत्सव २०८३' को सातौं संस्करणलाई भव्य र सभ्य रुपमा सम्पन्न गराउनका लागि छ।

जेठ १,२ र ३ गते जनकपुरमा नव मिथिला फाउन्डेसनद्वारा आयोजना गरिन लागिएको 'जनकपुर साहित्य महोत्सव ' मात्रै एक कार्यक्रम नभई अभियानकै रुपमा पछिल्लो सात वर्षदेखि निरन्तर मनाउँदै आईएको छ। हुनत अन्य वर्ष माघ महिनामै आयोजना गर्ने गरिएको यो महोत्सव यस वर्ष देशको राजनीतिक परिवेश र बद्लिदो परिस्थीतिले गर्दा केही ढिला भई जेठमा मनाईदैं छ। तर, साहित्य, संगित, संस्कृती र सभ्यताको यो उत्सव प्रति देखिने रुझानमा कुनै कमी भने आएको छैन्।




**पछिल्लो ६ वर्षलाई फर्केर हेर्दा**

'जनकपुर साहित्य महोत्सव' को पछिल्लो ६ वर्ष निकै गौरवशाली रहेको छ। पोखरामा हुने नेपाल लिटरेचर फेस्टिवलबाट प्रभावित यो साहित्य महोत्सवको सुत्रधारक वर्तमान प्रतिनिधिसभा सांसद मनिष झा हुन्।

हुनत २०७५ मा सुरु भएको महोत्सवको पहिलो संस्करणको नाम 'नेपाल साहित्य महोत्सव, जनकपुर संस्करण' थियो। त्यसताका बुकवर्म फाउन्डेसनको सहकार्यमा महोत्सवको आयोजना गरिएको थियो। सो संस्करणलाई साहित्य, विचार र विमर्शको उत्सव भन्दै जनकपुरको विभिन्न चार स्थानमा चार दिवसीय कार्यक्रम भएको थियो। संस्करणका सत्रहरू 'प्रदेश वा परदेश', 'साहित्या मधेशी पात्र' र 'मधेशको भोजन संस्कृति ' निकै यादगार बने।

बुकवर्म फाउन्डेसनको सहकार्यमा पहिलो संस्करण भए पनि आफ्नै स्वामित्वमा गर्ने योजना पहिला देखिकै थियो। मुलुकभरि भ्रमण वर्ष 'भिजिट नेपाल २०२०' अभियान तीव्रताका साथ सुरु हुँदा झा भ्रमण वर्ष मधेश प्रदेशका संयोजक थिए। तर, कोरोना महामारीको मारले गर्दा भ्रमण वर्षको कार्यक्रम पनि रोकियो। तर, २०७७ मा नव मिथिला फाउन्डेसन नामक संस्था दर्ता गराई 'जनकपुर साहित्य महोत्सव' लाई नयाँ ढंगबाट लग्ने उद्घोष भयो। फाउन्डेसनका अध्यक्ष थिए स्व. अमित झा। अमित मनिषका जेठो दाइ थिए।

'अरुको निर्भरतामा कार्यक्रम गरियो भने सकिदैन् जस्तो लाग्यो र आफ्नै शहरमा केही गर्नुपर्छ भन्ने लक्ष्य बोकेर हामीले नव मिथिला फाउन्डेशन दर्ता गरेर दोस्रो संस्करणको आयोजना गर्यौं। तर, उद्घाटनकै दिन दाईको असमायिक निधन भयो र सिंगो फाउन्डेशन शोकमग्न भयो,' मनिष ती दिनहरू सम्झिदैं भन्छन्, 'यो महोत्सवसँग मेरो भावनात्मकता पनि जोडियो। दाईको अभियानलाई निरन्तरता दिन्छु भन्ने अठोटका साथ मैले यो साहित्य महोत्सवलाई जसरी पनि निरन्तरता दिन्छु भन्ने प्रण गरे र यो हालसम्म चलिरहेको छ।'

२०७७ फागुन १ गते दोस्रो संस्करणको उद्घाटनकै दिन संस्थापक अध्यक्ष गुमाएको फाउन्डेसनले परिकल्पनाकार मनिषको आग्रहमा आयोजक समितिले कार्यक्रम यथावत् रुपमा अघि बढायो। यो संस्करण खासै उत्साहजनक नभ एपनि यसका विशेष सत्रहरू सम्झिने लायकका थिए। जसमा 'विदेशको यात्रा : आश की लाश', अन्तर्वार्ताकारहरूको अन्तर्वाता, 'कसले देला सुशासन', 'सिता विमर्श' स्मरणीय भए।

तेस्रो संस्करणमा महोत्सव आयोजना र कठिन समयसँग पार पाइसकेपनि फाउन्डेसनले आर्थिक स्रोत जुटाउन, दर्शक तथा स्रोताहरूको उपस्थिति बढाउने जस्ता विषयमा चुनौतीनै झेल्नुपर्‍यो। यद्यपि, तीन दिवसीय कार्यक्रम मनाईयो जसमा 'मधेशमा साहित्य लेखन', 'कसको लोकतन्त्र, कस्तो लोकतन्त्र', 'मधेश एक अवसर', 'समाजमा विभेद' लगायतका शत्रहरूले चर्चा पाए।

चौथो संस्करणसम्म आउँदा जनकपुर साहित्य महोत्सवले लय समातिसकेको थियो। जनकपुरवासीहरू मात्रै नभई छिमेकी जिल्लाका स्रोता र दर्शकहरू पनि निकै चाख मानेर सत्रहरूमा सहभागी हुन थाले। महोत्सवको अन्तिम दिन मैथिली गायन क्षेत्रकी प्रसिद्ध गायिका मैथिली ठाकुरको उपस्थीतिले कार्यक्रम स्थल जानकी मन्दिरको प्रांगननै भरिएको थियो। तुलनात्मक रुपमा चौथो संस्करणनै यस महोत्सवको 'टर्निङ्ग प्वाइन्ट' बन्यो। यस संस्करणमा 'अपन समाजके घुइरक तकलापर', 'शहीद दिलिप महोके मोन पारैत', 'घेघ बनल घोघ' जस्ता सत्रहरू चर्चित भएका थिए।

चौथो संस्करण देखिनै राज्यले यस महोत्सवमा लगानी गर्न थालेको आयोजक बताउँछन्। हालसम्म मधेश प्रदेश सरकार, पर्यटन बोर्ड र स्थानीय तहबाट करिब २० लाख जतिको सहयोग प्राप्त भएको आयोजकले जानकारी गराएका छन्।

चौथो संस्करणसम्म जानकी मन्दिरमै कार्यक्रमस्थल रहे पनि पाँचौंमा आउँदा महोत्सवस्थल स्थानान्तरण गर्नुपर्‍यो। स्थानीय राम मन्दिरको प्रांगणमा कार्यक्रम आयोजना हुँदा सुरुवातमा दर्शक जुटाउन केही गाह्रो भए पनि पछि निकै उत्साहजनक सहभागिता भयो। यसै संस्करणबाट फाउन्डेसनले कार्यक्रमको अन्तिम दिन समापन सत्रमै महोत्सवको हरहिसाब सार्वजनिक गर्ने सुरुवात गर्‍यो।

छैठौं संस्करणमा पुग्दा आयोजकका लागि चुनौती बनेको विषय थियो महोत्सव स्वचालित रुपमा जानु। सधैं घाटा र ऋणमै कार्यक्रम गर्ने गरेको महोत्सवमा छैठो संस्करणमा दुई लाख रुपैयाँ बचत भयो। महोत्सवको उद्घाटनमा जनकपुरका १० विद्यालयका ६० जना विद्यार्थीले एकैसाथ जनकपुर सहरको पहिचान गित 'इएह छी हमर जनकपुर सीताके जनकपुर' कोरस प्रस्तुती दिएका थिए। यस संस्करणमा 'आन्दोलन र साहित्य', 'उज्यालोको यात्रा', 'नेपालको परराष्ट नीति र सिमाञ्चल', 'डिजिटल युगमा पठन संस्कृति' लगायतका शत्रहरू निकै विशेष थिए।

महोत्सवअन्तर्गत प्रमुख आकर्षणहरूमा विद्यालयस्तरीय वक्तृत्वकला, कविता र शिल्पकला प्रतियोगिता, कविता वाचन प्रतियोगिता र सांस्कृतिक साँझहरू रहँदै आएका छन्। त्यसैगरी संस्थापक अध्यक्षको स्मृतिमा दिइने अमित झा साहित्य सांगीतिक पुरस्कार पनि प्रशंसनिय बन्दै आएको छ। साहित्यिक र सांगीतिक क्षेत्रमा योगदान पुर्‍याइरहेका वा पुर्‍याएका र आर्थिक रुपले पनि कमजोर भएकाहरूलाई पहिचान गरि फाउन्डेसनले यो पुरस्कार प्रदान गर्दै आएको छ। एक लाख पचास हजार नगर राशिको यो पुरस्कार हालसम्म शम्भु कर्ण (ढोलकिया), ललित कामत (गायक) र स्व. गुरदेव कामतका परिवारलाई प्रदान गरिएको छ।

**सातौं संस्करणमा विशेष तयारी**

संघर्ष, मेहनत र प्रतिष्ठाको बलमा सातौं संस्करण मनाउन गइरहेको

बाँकी पृष्ठ ४ ▸▸

# ०८१ र ०८३ को नीति तथा कार्यक्रम हुबहु छ, लेख्ने मान्छे एउटै परेछ- ज्ञानेन्द्र शाही



**अपन दैनिक संवाददाता**
**काठमाडौं, वैशाख २९ गते**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) संसदीय दलका नेता ज्ञानेन्द्र शाहीले सोमबार राष्ट्रपति रामचन्द्र पौडेलले पेस गरेको २०८३ सालको नीति तथा कार्यक्रम २०८१ सालसँग कसरी हुबहु भयो भनेर प्रश्न गरेका छन्।

मंगलबार प्रतिनिधिसभा बैठकमा बोल्दै उनले त्यति बेला र अहिलेको नीति तथा कार्यक्रम लेख्ने व्यक्ति एकै परेर यस्तो भएको हो कि भनेर भने।

'मेरो हातमा दुईवटा किताब छ। एउटा २०८३ सालमा सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गर्नुभएको सरकारको नीति तथा कार्यक्रम र अर्को हिजो सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले सम्बोधन गर्नुभएको २०८३ सालको नीति तथा कार्यक्रम। यी दुवै हुबहु एउटै छ। अघिल्लोमा २१७ बुँदा छन् भने अहिलेकोमा १०० बुँदा छन्। ११७ बुँदा कम छ। तर दुवै फोटोकपी गरेजस्ता छन्,' उनले भने, 'लेख्ने मान्छे एउटै परेर यस्तो भएको हो कि !'

संसदमा नयाँ युवा अनुहारहरू प्रवेश गर्दा नीति तथा कार्यक्रम पनि फरक हुनुपर्ने तर त्यस्तो नभएको उनले बताए।

'झन्डै १० प्रतिशत मात्र परिवर्तन होला। लेख्ने मान्छे त एउटै रहेछ। पढ्नुस् न घर गएर एकपल्ट, मज्जाले पढ्दा हुन्छ। हुबहु एउटै छ। एक-दुई वटा कुरा फरक छ। तर हामीले व्यापक सुधार हुनुपर्छ भनेका थियौं। किनभने सबै युवाहरू आएका थियौं नि। नयाँ-नयाँ साथीहरू आएका थियौं। पार्टी जुनसुकै होस् तर नयाँ अनुहार छ यहाँ,' उनले भने।

उनले नीति तथा कार्यक्रमले विगतमा जस्तै कर्णालीलाई यस पटक पनि उपेक्षा गरेको बताए।

कर्णाली र कर्णालीका बासिन्दाप्रति माया र संवेदना झल्काउने स्ट्याटस सामाजिक सञ्जालमा लेखेर मात्र त्यो भेगको विकास निर्माणमा वर्षौंदेखि हुँदै आएको विभेद अन्त्य नहुने उनको भनाइ थियो।

## बिमा लेख हरायो

मिति २०८२/०९/२१ मेरो निम्न ब्यहोरा भएको सानिमा रिलाईन्स लाईफ इन्स्योरेन्सबाट जारी भएको बिमा पोलेसी हराएकोले भेटनुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यलय वा निम्न ठेगानामा खबर गरि दिनु हुन अनुरोध छ।

नाम : रामकुमार यादव
पोलिसी नं.: २०३००००००६०१
मो.नं. : ९८६३९६६५३९

## विद्यार्थी सुरक्षामाथि हेलचक्राई .............

गर्ने गरेको छ। सिरहाका युवा नेता अरबिन्द्र यादवले विद्यालय सवारीको विषयलाई बालबालिकाको सुरक्षासँग जोडिएको संवेदनशील विषय भन्दै सम्बन्धित निकायको मौनतामाथि गम्भीर रुपमा प्रश्न उठाएका छन्। "निर्देशिका विपरीत स्कुल बस सञ्चालन भइरहँदा स्थानीय तह, जिल्ला प्रशासन, शिक्षा विकास तथा समन्वय इकाइ, ट्राफिक प्रहरी, प्याब्सन र एनप्याब्सन किन मौन छन् ?" उनले प्रश्न गरे, "भोलि कुनै दुर्घटना भयो भने यसको जिम्मेवारी कसले लिने ?"

ट्राफिक प्रहरीको भूमिकामाथि स्थानीयवासीले प्रश्न उठाएका छन्। सर्वसाधारणका सवारीसाधनमाथि नियमित चेकजाँच गर्ने ट्राफिक प्रहरी विद्यालय सवारीको हकमा भने उदासीन देखिनु अर्थपूर्ण रहेको छ। निर्देशिका विपरीत सवारी सञ्चालन गर्ने विद्यालयबाट मासिक रूपमा




'आर्थिक सहयोग' ट्राफिक प्रहरीले लिने गरेकोले नै मौनता कायम राखेको स्थानीयवासीको आरोप छ। यसबारे ट्राफिक प्रहरीले औपचारिक प्रतिक्रिया दिएको छैन।

यता प्याब्सन सिरहाका अध्यक्ष उमेश चौधरीले विद्यालय सवारी सञ्चालनमा सुरक्षा मापदण्ड अनिवार्य रूपमा पालना हुनुपर्ने बताएका छन्। "निर्देशिका विपरीत कुनै पनि विद्यालयले बस सञ्चालन गर्नु हुँदैन," उनले भने, "सामान ढुवानी गर्ने पिकअपमा बालबालिका ओसारपसार गर्नु झन् गम्भीर अपराध हो।"

ट्राफिक प्रहरी, स्थानीय तह र सम्बन्धित सरोकारवाला निकायलाई विद्यालय सवारीको नियमित अनुगमन गर्न अध्यक्ष चौधरीले आग्रह गर्दै संस्थागत विद्यालय सञ्चालकलाई पनि मापदण्ड विपरीतका सवारी प्रयोग नगर्न सचेत गराइएको बताएका छन्। बालअधिकारकर्मीहरूका अनुसार विद्यालय सवारीको लापरवाही प्रशासनिक रुपमा उदासिनता भएको बताएका छन्। बालबालिकाको जीवन र सुरक्षासँग जोडिएको विषयमा वेवास्ता गर्न नहुने उनीहरुको भनाई रहेको छ। विद्यालयले शिक्षासँगै सुरक्षा सुनिश्चित गर्नुपर्ने दायित्व पनि वहन गर्नुपर्छ। बालबालिकाको हितलाई ध्यानमा राख्दै विद्यालयहरुले स्कूल बस संचालनमा ल्याउनुपर्ने हुन्छ। जिल्लाका हरेक स्थानीय तहमा संस्थागत विद्यालयहरुले संचालनमा राखेको विद्यार्थी ओसारोसार गर्ने बसको निगरानी गर्नु स्थानीय युवा जितेन्द्र यादवले बताएका छन्।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर :**

**विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्याप्टप) आदिको अधिक प्रयोगले:**

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ।
- दिमागमा असर पर्नसक्छ।
- समयमा नसुत्न सक्छन्।
- खानपान तथा दिसापिसावमा ध्यान नदिन सक्छन्।
- एकान्तमा बस्न मन पराउन सक्छन्।
- झिज्याहट हुन सक्छ।
- साथीहरूसँग घुलमिल नहुन सक्छन्।
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्।
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)



**माँ भगवत्ति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# मधेश प्रदेशसभामा राप्रपाबाट सरिता ठाकुर सिफारिस




**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २९ गते**

राष्ट्रिय प्रजातन्त्र पार्टीले मधेश प्रदेशसभामा रिक्त रहेको समानुपातिक सदस्य पदका लागि महोत्तरीकी सरिताकुमारी ठाकुरलाई सिफारिस गरेको छ।

पार्टीले यसअघि प्रदेशसभा सदस्य रहेकी कञ्चन बिच्छालाई पार्टी अनुशासन उल्लंघन गरेको आरोप लगाउँदै सांसद पदबाट फिर्ता बोलाएको थियो । त्यससम्बन्धी विवादमा परेको रिट निवेदन अदालतले खारेज गरेपछि बिच्छा पदमुक्त भएकी थिइन्।

बिच्छा पदमुक्त भएपछि रिक्त रहेको समानुपातिकतर्फको सदस्य पदपूर्तिका लागि निर्वाचन आयोगबाट पत्र प्राप्त भएको र सोही 'क्लस्टर'अन्तर्गतको समानुपातिक सूचीमा दोस्रो नम्बरमा रहेकी ठाकुरलाई सिफारिस गरिएको पार्टीका प्रवक्ता मोहनकुमार श्रेष्ठले जानकारी दिए।

राप्रपाले प्रदेशसभा सदस्य पद रिक्त भएको संवैधानिक तथा कानुनी प्रक्रियाअनुसार नयाँ नाम सिफारिस गरिएको जनाएको छ।

- ग्राहक बन्नु परेमा।
- नवीकरण गर्नु परेमा।
- ठेगाना परिवर्तन भएमा।
- पत्रिका नियमित नआएमा।

सिधा सम्पर्क
०३३-५२१२१४

## जनकपुर साहित्य महोत्सव ..............

'जनकपुर साहित्य महोत्सव २०८३' मा विशेष सत्रहरू आयोजना गरिने तयारी छ । जसअन्तर्गत, 'नेपाली महिला लेखन : संघर्षदेखि सिर्जनासम्म', 'रंगमञ्चदेखि सिनेमासम्म', 'सञ्चारकर्मको बदलिँदो परिदृश्य', 'मैथिली कथाको नेपाली संसार', 'कसरी फर्काउने जनकपुरको शास्त्रार्थ', 'जनकपुरको कनेक्टिभिटी र पर्यटनको भविष्य', 'बहुभाषिक चेतना : शिक्षा आ साहित्य' लगायतका सत्रहरू आयोजना गरिने तयारी गरिएको नव मिथिला फाउन्डेसनका उपाध्यक्ष आदित्य नेपाल बताउँछन्। 'अधिकांश सत्रहरूका लागि वक्ता र सहजकर्ताहरूको चयन भइसकेको छ। केही मात्रै टुंगो लाग्न बाँकी छन्। भव्य र सभ्य रुपमा महोत्सवलाई सम्पन्न गराउन हाम्रो टिम दिनरात लागि परेको छ,' नेपाल भन्छन्, ' महोत्सवको नयाँ संस्करणको तयारी हामी एउटा संस्करण सक्न बित्तिकै थाल्छौं तर, मुख्य व्यवस्थापनको काम डेढ महिना पहिला देखि सुरु हुन्छ।'

संस्करणको सम्पूर्ण व्यवस्थापनको जिम्मेवारी निर्वाह गर्ने युवाहरूको समूह पूर्ण स्वयमसेवी रुपमा यस अभियानमा लागेको आयोजकको दाबि छ। साहित्य र संस्कृतिमा निकै रुचि राख्ने गरेका आशिष साह महोत्सवको पहिलो संस्करणमा स्वयमसेवी भएर खटिएका थिए। 'आफ्नो शहरमा पहिलो पटक यस्तो खालको सांस्कृतिक र साहित्यिक महोत्सव भएको देख्दा मलाई निकै खुसी र उत्सुकता लागेको थियो। म स्वयसेवी भएर महोत्सवमा लागे र दोस्रो संस्करणदेखि आयोजक समितिमै सदस्य भएर काम गर्न थाले तर, यो पनि स्वयसेवककै रुपमा हो,' साह भन्छन्, 'म अहिले भारतको दिल्लीमा उच्च शिक्षा आर्जन गरिराखेको छु तर, महोत्सवलाई भव्य रुपमा आयोजना गर्नकै लागि सहयोगी बन्न विदा लिएर जनकपुर आएको हु।' आशिष अहिले महोत्सव आयोजक समूहमा काम गरिरहेका छन्।

जनकपुरकी कक्षा १२ मा अध्ययनरत अंशु झाले सामाजिक सञ्जालबाट 'जनकपुर साहित्य महोत्सव ' को बारेमा तीन वर्षअघि थाहा पाएकी थिइन् । साहित्यमा रुची राख्ने अंशुले पहिला स्वयसेवक भएर महोत्वमा काम गरिने र अहिले उनी पनि आयोजक समितिमै बसेर महोत्सवमा सघाईराखेकी छिन्।

जनकपुरको परापूर्व कालको शास्त्रार्थ भूमीलाई पुर्नजागरण गर्ने, पर्यटन प्रवर्द्धन गर्ने, विभिन्न समुदायसँगको सम्बन्ध र भाइचारालाई बढावा दिन र सामाजिक रुपमा नेतृत्व विकास गर्ने उद्देश्यले महोत्सव आयोजना गर्ने गरिएको यसका सूत्रधार मनिष झा बताउँछन्।

## बालअधिकार सुनिश्चित गरौं

**बालअधिकार:**
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार।
- हिंसा र शोषणबाट जोगिने अधिकार।
- अभिव्यक्ति र सहभागिताको अधिकार।
- माया, स्नेह र संरक्षण पाउने अधिकार।
- खेल र मनोरञ्जनको अधिकार।

**त्यसैले,**
- बालश्रम अन्त्य गरौं।
- सबै बालबालिकालाई विद्यालय पुऱ्याऔं।
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं।
- बालमैत्री समाजको निर्माण गरौं।

**"आजका बालबालिका. भोलिका कर्णधार"**

**धनगढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, धनगढीमाई**
मधेश प्रदेश, सिरहा (नेपाल)

# विद्यालयबाट पीडित भएको भन्दै प्रधानमन्त्रीलाई व्यवसायीको ज्ञापनपत्र



**अपन दैनिक संवाददाता**
**सिरहा, वैशाख २९ गते**

सिरहाको लहान नगरपालिका-१ का पशुपति आदर्श माविबाट पीडित भएको भन्दै व्यवसायीहरुले ईलाका प्रशासन कार्यालय लहानमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएका छन्।

व्यवसायीहरुले जिल्ला प्रशासन कार्यालय सिरहा, लहान नगरपालिका, ईलाका प्रहरी कार्यालय र पशुपति माविलाई पनि बोधार्थ दिएका छन्। विद्यालयमा बुझाएको धरौटी रकम फिर्ता नदिए आन्दोलनमा उत्रिने चेतावनी उनीहरुले दिएका छन्।

०६९ सालदेखि नै विभिन्न समयमा विद्यालयले आफ्नो अधिनमा रहेको हाताभित्रको जग्गामा व्यापारिक प्रयोजनका लागि सटर कोठा निर्माण गर्ने र भाडामा लगाउने भनेर सूचना प्रकाशित गरेको थियो। त्यही सूचनाका आधारमा स्थानीय व्यवसायीले आफ्नो हैसियतअनुसार ५० हजारदेखि ५ लाखसम्म धरौटी रकम जम्मा गरेका थिए। धरौटी जम्मा गरेको १५ वर्ष पुग्न लाग्दा पनि उनीहरूले आजसम्म न सटर पाएका छन् न धरौटी रकम फिर्ता।

विद्यालयको अडिट रिर्पोटमा ७३ जना व्यपारीहरुबाट सटर कोठा धरौटी वापत एक करोड ६१ लाख २१ हजार रकम असुल गरेको हिसाब देखाएको छ। यो भन्दा बाहिर पनि केही व्यापारीहरुबाट नगद नै रकम लिएको व्यापारीहरु सुनाउँछन्। त्यो रकम अडिटमा पनि समावेश नगरिएको उनीहरुको भनाई छ। स्रोतका अनुसार विद्यालयको खातामा पनि रकम अहिले छैन्। अन्यत्र काममा खर्च गरेर सकाइसकेका छन्। यता, व्यापारीहरु फिर्ता माग्न जाँदा निवेदन समेत लिन मानेको छैन्। उल्टै धम्काएर प्रअले विद्यालयबाट फर्काएको व्यवसायीहरुले बताएका छन्।

व्यापारीहरुले पटक-पटक रकम फिर्ता माग्दा नदिएपछि जिल्ला अदालत सिरहामा प्रअ र व्यवस्थापन समितिका अध्यक्षहरुमाथि ठगी सम्बन्धी मुद्दा पनि दायर गरेका थिए। ०८२ बैशाख १५ गते फैसला पनि भयो। त्यसमा विद्यालयले सटर निर्माणका लागि सूचना प्रकाशित गरेर धरौटी रकम उठाएको तर, नगरपालिकाबाट नक्सा पास नहुँदा सटर बनाउन नसकेको जिकिर छ। त्यसपछि ०७२ जेष्ठ २१ गते र ०७६ पुस २४ गते धरौटी फिर्ताको सूचना जारी गरेको देखिन्छ।

०७८ साउन १५ गते विद्यालयले अख्तियार दुरुपयोग अनुसन्धान अयोगमा पनि विद्यालय व्यवस्थापन समितिको निर्णयलाई कबोल गरी सटर निर्माण वापत धरौटी उठाएको जवाफ दिएका छन्। भ्रष्टाचार हो/होइन सम्बन्धित निकायले छानबिन गर्नुपर्ने अदालतको फैसलामा उल्लेख गरिएको छ। विद्यालयले धरौटी रकमको दायित्व स्वीकार गरेको अवस्थाले ठगी मुद्दामा तत्कालीन प्रअ प्रमेश्वर राय र समितिका अध्यक्षहरुले सफाई पाए तर, व्यापारीहरुले अझै धरौटी रकम फिर्ता पाएका छैनन्।

व्यापारीहरुबाट आएको धरौटी रकमको निवेदन नलिएको प्रधानाध्यापक महेन्द्रप्रसाद चौधरीले पनि स्वीकार गरेका छन्। यस विद्यालयमा अहिले पनि २७ वटा कोठो पक्की सटर र ४४ वटा टहरा व्यवसायिक प्रयोजनका लागि भाडामा लागेको छ। २०५६ सालमै निर्धारण भएको रकम १२ सयदेखि ४८ सयसम्म भाडा लिने गरेको छ। प्रअ चौधरीका अनुसार ७० लाख रुपैयाँ असुल्न बाँकी छ। विद्यालयको एक विघा ११ कठ्ठामा पनि मिलोमतोमा मोही कायम भएको छ। जुन जग्गाको मूल्य अहिले २ करोड भन्दा बढीमा बिक्री वितरण हुने ठाउँ टाउन प्लानिङ्गमा रहेको छ। विद्यालयमा आन्तरिक आम्दानी करोडौंमा भए पनि शैक्षिक सुधार खस्किँदो स्थिति रहेको छ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

## आत्महत्या दुरुत्साहन आरोपमा ...........

दुरुत्सान मुद्दामा पक्राउ परेका छन्।

टिकटक प्लेटफर्ममा अश्लील कुराकानी गरेको आरोपमा कयौं पटक पक्राउ परिसकेको धनुषाका यादवलाई सप्तरी प्रहरीले पक्राउ गरेको हो।

धनुषाको गणेशमान चारनाथ ८ चितहा लवटोली (पोर्ताहा) बस्ने अन्दाजी २७ वर्षीय न्यू स्टार नामले चर्चित अमितलाई धनुषा प्रहरीको सहयोगमा पक्राउ गरिएको सिरहा प्रहरीले जनाएको छ।

उनलाई यसपटक टिकटकमा अश्लील गाली, अभद्रता प्रदर्शन नभएर आत्महत्या दुरुत्साहनको मुद्दामा पक्राउ गरिएको हो।

टिकटक भिडिओकै सन्दर्भमा एक युवतीलाई आत्महत्या गर्न बाध्य बनाएको उनीमाथि आरोप छ।

यसअघि उनी कैयौं पटक पक्राउ परिसकेका छन्।

उनलाई केही महिना अगाडी धनुषा प्रहरीले समेत अभद्रता प्रदर्शन गरेको भन्दै पक्राउ गरेको थियो।

## अतिक्रमण हटाउने नाममा बाँधेर दुर्व्यवहार ...............

अनुमति लिएर थप अनुसन्धान गरिने उनले बताए। 'घटनाको विभिन्न ढंगले अनुसन्धान गर्ने क्रममा प्रत्यक्ष र सहयोगीको भूमिकामा रहेका व्यक्तिहरुलाई सोही बमोजिमको कानुनी कारबाहीका लागि प्रकृया अगाडि बढाउँछौं' उनले भने। औरही ३ को पिपरा टोलमा पछिल्लो आर्थिक वर्ष २०८१/०८२ कृषि सडक बिस्तारका क्रममा एकतर्फी रुपमा स्थानीय बीरेन्द्र साहको जग्गा लिइएको भन्दै विवाद भएपछि सडक संचालन हुन नसकेको जनाइएको छ।

**यस्तो थियो घटना**

अतिक्रमण हटाउने नाममा जबर्जस्ती व्यक्तिको निजी जग्गा कब्जा गरी सडक निर्माण गरेको भन्दै विरोध गर्ने क्रममा वडाध्यक्षको अगुवाईमा उनका सहयोगीहरुको समूहले सोमबार बिहान बाँधेर दुर्व्यवहार गरेको पीडितले बताए। वडाध्यक्ष यादवसहित उनका सहयोगीहरु सोमबार बिहान साहको निजी जग्गामा एकतर्फी रुपमा जबर्जस्ती सडक निर्माण गरिएपछि विरोध गर्दा उल्टै अतिक्रमण हटाउन अवरोध गरेको भन्दै बाँधेर दुर्व्यवहार गरेको भिडियो सार्वजनिक भएको थियो।

यसैबीच, व्यक्तिको निजी जग्गामा जबर्जस्ती सडक बनाएको बारेमा विरोध गर्दा बाँधेर दुर्व्यवहार गरेको घटनामा वडाध्यक्षलाई पदबाट निलम्बन गर्दै पक्राउ गरी कानुनी कारबाही गर्न माग गरिएको छ।

जनमत पार्टी सिरहा जिल्ला समितिका अध्यक्ष पकजुमार सिंहले मंगलबार सिरहाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेललाई ज्ञापन पत्र बुझाउँदै घटनामा प्रत्यक्ष संलग्न अन्य व्यक्तिहरुमाथि पनि अनुसन्धान गरी प्रचलित कानुन बमोजिम कारबाहीको दायरामा ल्याउन माग गर्दै ज्ञापन पत्र बुझाएका हुन्।

ज्ञापन पत्रमा पीडित साहलाई बाँधेर दुर्व्यवहार गर्नुका साथै स्थानीय गीतादेवी ठाकुर, मनोजकुमार साह र तिनका परिवारका सदस्यहरु समेतलाई बन्धक बनाई अमानवीय व्यवहार गरिएको घटना गैरकानुनी र मानवअधिकार विरोधी रहेको उल्लेख छ।

व्यक्तिको निजी सम्पत्ति जबर्जस्ती अतिक्रमण गर्दा विरोध गर्ने नागरिकलाई बाँधेर कुटपिट गर्ने तथा आतंकित गर्ने कार्य लोकतान्त्रिक व्यवस्था, नेपालको संविधान र कानुन विपरीत रहेको जिकिर गर्दै ज्ञापन पत्रमा जनप्रतिनिधिबाट नै यस्तो अमानवीय हर्कत हुनु दुःखद, निन्दनीय र दण्डनीय विषय रहेको औंल्याइएको छ।

## स्वच्छ शहर: स्वस्थ्य शहर

- धुवाँ बढी फाल्ने सवारीसाधनको प्रयोग नगरौं।
- सवारीसाधनको समयसमयमा मर्मतसम्भार गरौं।
- तोकिएको स्थानमा मात्र फोहोर फालौं।
- करेसाबारी, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षरोपण गरौं।
- सार्वजनिक स्थलका बोटविरुवा तथा फूलको संरक्षण गरौं।
- स्वच्छ पानी र सरसफाइमा ध्यान दिऔं।
- ध्वनि र वायु प्रदूषण कम गरौं।
- सडकको समयसमयमा मर्मतसम्भार गरौं।
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौं: सुन्दर बनाऔं।**

**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय, विष्णुपुर**
मधेश प्रदेश, सिरहा (नेपाल)